**Bhim Rawal**
Member, House of Representatives
Member, Standing Committee
In-charge, Sudurpaschim Province, Nepal Communist Party
Former DPM Minister for Defense, Home Affairs and Tourism & Civil Aviation

**भीम रावल**
सदस्य प्रतिनिधि सभा
सदस्य, स्थायी कमिटी
इन्चार्ज, सुदूरपश्चिम प्रदेश, नेपाल कम्युनिष्ट पार्टी
पूर्व उप-प्रधानमन्त्री, रक्षा, गृह, एवं पर्यटन तथा नागरिक उड्डयन मन्त्री

# प्रेस वक्तव्य

मिति: २०७७।४।१५

केही दिनदेखिको अविरल वर्षाको कारण सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लाका कतिपय स्थानमा बाढी, पहिरो र डुबानका कारण जनधनको क्षति भएको खवरले मलाई दुःख लागेको छ । प्राकृतिक विपद्मा ज्यान गुमाउनेहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु । प्राकृतिक विपद्मा परेका जनतालाई उद्धार गर्न र राहत पुऱ्याउन सक्रिय पार्टी पंक्ति, स्थानीय प्रशासन र सुरक्षाकर्मीहरुलाई धन्यवाद ज्ञापन गर्दछु । साथै पीडितहरुलाई उपयुक्त किसिमले राहत उपलब्ध गराउन, विस्थापितहरुलाई वासस्थानको व्यवस्था गर्न र क्षतिग्रस्त पुल, विद्युत आयोजना लगायतका भौतिक संरचनाहरुको पुनःनिर्माणका लागि आवश्यक प्रबन्ध गर्न स्थानीय प्रशासन, सम्बन्धित स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकारलाई आग्रह गर्दछु । यस्तो प्राकृतिक विपद्को स्थितिमा जनतालाई कोराना विषाणुको संक्रमणबाट जोगाउन तथा संक्रमितहरुको स्वास्थोपचार गर्न विशेष ध्यान दिन पनि सम्बधित निकायहरुलाई आग्ह गर्दछु ।

भीम रावल